बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# विद्युतिय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०७/०६

**प्रस्तावनाः** प्रदेशका सम्पूर्ण कृषि योग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षै भरी दिगो एवम् भरपर्दो सिंचाइ सुविधा पुऱ्याउन आवश्यक रहेको छ । सतह सिंचाइबाट सम्भव नभएका खोला/नदी किनार, तालतलैया लगायतका अन्य प्राकृतिक जलाशयबाट माथिल्लो सतहको खेती योग्य जमिनमा वर्षैभरी दिगो एवम् भरपर्दो सिंचाइ सुविधा पुऱ्याउन विद्युतीय उर्जा प्रयोग गरी कृषकको बालीलाई व्यापक सिंचाइ सुविधा पुऱ्याएर खाद्य सुरक्षा तथा गरिवी निवारणमा टेवा पुऱ्याउन विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रम कार्यान्वयन गर्न बान्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम **"विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"**रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

(२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले बागमती प्रदेशभित्रका प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समूह, सहकारी, निजी कृषि फर्म भन्ने बुझ्नु पर्छ ।

(ख) **"कार्यक्रम "**भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको **विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रम** र बजेट सम्झनु पर्छ ।

(ग) **"प्रदेश"**भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"साझेदार "**भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदक सम्झनु पर्छ।

(छ) **"स्थानीय तह"**भन्नाले बागमती प्रदेश अन्तरगतका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ज) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको कृषि विकास कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

(३)**कार्यक्रम लागू हुने क्षेत्रः**यो कार्यक्रम बागमती प्रदेश अन्तर्गतका १३ जिल्लाहरुमा माग तथा आवश्यकताका आधारमा सञ्चालन गरिने छ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

**(४) प्रस्ताव आह्वानः** निर्देशनालयले अनुसूची-१ बमोजिम राष्ट्रिय पत्रिकामा २१ दिनको म्याद दिई सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफ(१) बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा निर्देशनालयले दोश्रो पटक ७ दिनको समयसिमा राखि पुनःसूचना प्रकाशन गर्न सक्नेछ।

**(५) प्रस्ताव पेश गर्नेः** कार्यक्रममा संलग्न हुन इच्छुक आवेदकले निवेदनका साथ सूचनामा उल्लेखित कागजातहरु, अनुसूची-२ बमोजिमको प्रस्ताव र अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र सहित निर्देशनालयमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

**(६) योजनाको न्यूनतम मापदण्डः**(१) विद्युतीय उर्जा प्रयोग गरी सिंचाइका लागि पानी तान्नु पर्ने स्थान लिफ्ट सिचाई प्रयोग गर्न उपयुक्त हुनुपर्नेछ।

(२) गरिव र पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ,

(३) योजना आर्थिक, सामाजिक र प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ,

(४) योजना माग गर्ने किसानहरुले योजना सञ्चालन भए पछि १ हिउदे बाली सहित कम्तीमा वार्षिक २ बाली लगाउने प्रतिबद्धता पनि जनाउनु पर्नेछ,

(५) कार्यक्रम सञ्चालनका लागि कम्तिमा ३ हेक्टर जमिन खेतिका लागि उपलब्ध हुनुपर्नेछ। आवेदक निजी फर्महरुले संयुक्त रुपमा ३ हेक्टरको क्लष्टरमा सिंचाई हुने गरी समेत आवेदन दिन सक्नेछन् ।

(६) योजनाहरु छनौट गर्दा भौगोलिक सन्तुलनलाई पनि आधार बनाइनेछ

(७) कम लागतमा बढी सिंचाई हुने योजनाहरुलाई प्राथमिकता दिइनेछ,

**(७) प्रस्ताव मूल्याङ्कनः**(१) निर्देशनालयमा पेश हुन आएका प्रस्तावहरुको दफा ८ बमोजिम सम्भाव्यता अध्ययनबाट प्राप्त प्रतिवेदनको आधारमा सम्भाव्य प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| क. निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय | संयोजक |
| ख. वरिष्ठ अधिकृत/अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय | सदस्य |
| ग. योजना हेर्ने अधिकृत, निर्देशनालय | सदस्य |
| घ. कृषि इन्जिनियर/सब इन्जिनियर, निर्देशनालय | सदस्य |
| ङ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| च. प्रमुख, खरिद एकाई, निर्देशनालय | सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा दुई जना विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले प्रस्तावहरुको अनुसूची -३ मा उल्लेखित मापदण्डका आधारमा मूल्याङ्कन गरी कार्यक्रमको लक्ष्यको अधिकतम दुई गुणासम्म आयोजनाहरु सम्भाव्यता अध्ययनका लागि छनौट गरी स्वीकृतिका लागि निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) आवश्यकता अनुसार मूल्याङ्कन समितिले स्थलगत अनुगमन गर्न सक्नेछ ।



मानानीय प्रकाश श्रेष्ठ
मन्त्री

(८) <u>सम्भाव्यता अध्ययन</u>:(१)निर्देशनालयले स्वीकृत लागत अनुमानको अधिनमा रही योजनाको सम्भाव्यता अध्ययन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन प्रतिवेदनमा योजनाको आर्थिक, सामाजिक, प्राविधिक पक्ष संलग्न हुनेछ ।

(३) प्रतिवेदनमा योजनाको कुल लागत, कार्यान्वयन योजना तथा योजनामा साझेदारले व्यहोर्नु पर्ने रकम स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ ।

(९) <u>सम्झौता प्रकृया</u>: (१) छनौट भई विस्तृत सम्भाव्यता अध्ययनमा सम्भाव्य देखिएका प्राथमिकता क्रम अनुसार कार्यक्रमको लक्ष्य अनुसार साझेदारलाई कम्तीमा १५ दिनको म्याद दिई सम्झौताको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) स्वीकृत लागत अनुमानका आधारमा सिंचाई प्रणालीको निर्माण र सञ्चालन कार्यका लागि छनौट भएका साझेदारले निर्देशनालयसँग अनुसूची-४ बमोजिम सम्झौता गर्नु पर्नेछ। उक्त सम्झौता गर्नका लागि निर्देशनालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा योजनाको कुल अनुमानित लागतको कम्तीमा २० प्रतिशत रकम जम्मा गरेको सक्कल भौचरका साथ आउनु पर्नेछ। समय सीमा भित्र सक्कल भौचरका साथ सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक प्राथमिकतामा रहेका आवेदकसँग सम्झौता गर्न सकिनेछ।

(३) निर्देशनालयले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम बोलपत्र आह्वान गर्नेछ ।

(४) योजनाको सहज कार्यान्वयनका लागि समान भौगोलिक अवस्था तथा सुगमताका आधारमा दुई वा सो भन्दा बढि योजनाहरुको क्लस्टर बनाई बोलपत्र आव्हान गर्न सकिने छ ।

## परिच्छेद-३
## <u>आर्थिक पक्ष</u>

(१०) <u>भुक्तानी प्रक्रिया</u>:(१) लिफ्ट सिंचाई आयोजना निर्माणका लागि स्वीकृत वार्षिक बजेटको परिधी भित्र रही कूल लागतको बढीमा ८० प्रतिशत वा रु. १० लाखसम्म प्रोत्साहन रकम उपलब्ध हुनेछ ।

(२) सिंचाइ योजनाको कार्य सम्पन्न पश्चात बोलपत्रदातालाई भुक्तानी दिइनेछ ।

(३)कार्यक्रम बजेटको चार प्रतिशत कन्टिन्जेन्सी बापत छुट्याइने छ । उक्त रकम सूचना प्रकाशन, बैठक भत्ता, सम्भाव्यता अध्ययन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण, प्रमाणीकरण तथा अनुगमन मूल्याङ्कन खर्च आदीमा खर्च गरिनेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-४
## विविध

(११) साझेदारको काम, कर्तव्य र दायित्वः (१) योजनाको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(२) निर्माण सम्पन्न भए पश्चात् मर्मत संभारको जिम्मेवारी सम्वन्धित साझेदारको हुनेछ।

(१२) अनुगमन तथा मूल्याङ्कन(१) योजनाको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयहरुबाट आवश्यकता अनुसार गरिनेछ ।

(१३) प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

(१४) संशोधनः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

(१५) कारवाहीको व्यवस्थाः साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा निर्माण गरिएको सिचाई योजना व्यवसायिक कृषि खेती बाहेक अन्य प्रयोजनको लागि उपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित असुल उपर गरिनेछ र ५ वर्षसम्म प्रदेश सरकारबाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/ /

यस कृषि विकास निर्देशनालय, बागमती प्रदेश,हेटौंडाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचित क्षेत्र बिस्तारका लागि विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अनुसार लिफ्ट सिंचाइ निर्माण तथा सञ्चालन गर्न इच्छुक यस प्रदेशका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्ममा अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव निर्देशनालय दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

(१) निवेदन,
(२) संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
(३) संस्थाको बैठकको निर्णयको प्रतिलिपि,
(४) संस्थाको स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(५) करचुक्ता पत्र
(६) अनुसूची -२ अनुसारको आवेदन फाराम

पुनश्चः विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाईसहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेबसाईट www.doad.bagamati.gov.npबाट समेत डाउनलोड गर्न सकिनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

**विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रम सञ्चालन गर्नको लागि पेश गरिने प्रस्ताव**

१.साझेदारको विवरण

संस्थाको नामः................................

दर्ता न.:    दर्ता मितिः    दर्ता गरेको संस्थाः..........................(सम्भव भए सम्म)

स्थायी ठेगानाः....................जिल्ला................. गा.पा./न.पा..........

वडा नं............. टोलः ..............................

२. व्यक्तिको नामः.......................... सम्पर्क नं.................... .

३. लाभान्वित कृषक घरधुरी संख्याः...................

४. सिंचाईको लागि पानीको श्रोतको किसिम

(क) खोला वा नदी ............ (ख) मुहान ....... (ग) भूमिगत जल......

५. पानीको श्रोत

(क) दुरी ............मि. (ख) हेड .......मि.

६. सिंचाईका लागि पानीको स्रोतको उपलब्धता

(क) ३ महिना भन्दा कम उपलब्ध ☐ ख) ३-६ महिना उपलब्ध ☐ ग)बाह्रै महिना उपलब्ध ☐

७. योजनाबाट सिंचाई हुनसक्ने जग्गाको क्षेत्रफल..............

८. सिंचाई गरिने जग्गामा हाल गरिएका बालीहरु..........

९. सिंचाई योजना निर्माण पश्चात थप बिस्तार गर्न सकिने व्यवसायिक बालीहरु ..............

१०. विद्युतीय सुविधाको उपलव्धता....................

माथि पेश गरिएको विवरणहरु ठीक साँचो छन् झुट्टा ठहरी कानूनी कारवाही भएमा सजाय भोग्न राजी छुरछौं । मलाई /हामीलाई लिफ्ट सिंचाई योजना उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछुरगर्दछौं ।

निवेदकको सही....................................

निवेदकको नाम .....................................

मितिः......................................

Binod

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई सहयोग कार्यक्रमका लागी साझेदार छनौटका लागि मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | विवरण | अंङ्क | कैफियत |
|---|---|---|---|
| १ | आवेदकको प्रकार | ५ | |
| १.१ | निजी फर्म | २ | |
| १.२ | समुह | ३ | |
| १.३ | सहकारी | ५ | |
| २ | सिंचाई क्षेत्रको बिस्तार (हेक्टर) | २५ | प्रस्तावमा पेश गर्नु पर्ने |
| २.१ | ३-६ | १७ | |
| २.२ | ६-८ | २० | |
| २.३ | ८-१० | २३ | |
| २.४ | १० हे भन्दा बढी | २५ | |
| ३ | सिंचाईबाट लाभान्वित कृषक घरधुरी संख्या | १५ | प्रस्तावमा पेश गर्नु पर्ने |
| ३.१ | १ परिवार | १० | |
| ३.२ | २ देखि ३ परिवार | १२ | |
| ३.३ | ४ परिवार वा सो भन्दाबढी | १५ | |
| ४ | सिचाई आयोजनाका लागि स्रोतको उपलब्धता | १० | प्रस्ताव तथा स्थलगत अनुगमनका आधारमा |
| ४.१ | मौसमी सिंचाईका लागि मात्र उपलब्ध | ५ | |
| ४.२ | बाह्रै महिना उपलब्ध | १० | |
| ५ | सिंचाईको विद्यमान अवस्था | १० | प्रस्ताव तथा स्थलगत अनुगमनका आधारमा |
| ५.१ | हाल पर्याप्त उपलब्ध भएको | ५ | |
| ५.२ | हाल आंशिक रुपमा उपलब्ध भएको | ७ | |
| ५.३ | नभएको | १० | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | | |
|---|---|---|---|
| ६ | **सिंचाईबाट हुने फाइदा** | २० | प्रस्ताव तथा स्थलगत अनुगमनका आधारमा |
| ६.१ | कृषि व्यवसायिकरण तर्फ उन्मुख क्षेत्रमा टेवा पुग्ने | १५ | |
| ६.२ | व्यवसायिक उत्पादन क्षेत्रमा टेवा पुग्ने | २० | |
| ७ | **कार्यक्रम सञ्चालनको प्रारम्भिक सम्भाव्यता** | १५ | स्थलगत अनुगमनका आधारमा |
| ७.१ | कार्यक्रम सञ्चालनको प्रारम्भिक सम्भाव्यता रहेमा | १५ | |
| ७.२ | कार्यक्रम सञ्चालनको प्रारम्भिक सम्भाव्यता नरहेमा | ० | |

*नोटः कार्यक्रमको प्रकृति अनुरुप मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र बिस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ ।*

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**लिफ्ट सिचाई योजना सञ्चालन सम्बन्धि सम्झौतापत्र**

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

चालु आ.व. मा योजना सञ्चालनको लागि कृषि विकास निर्देशनालय र.......................... साझेदार बीच .......... योजना सञ्चालनको लागि आज मिति .....मा यो सम्झौता गरिएको छ।

**सम्झौताका शर्तहरुः**

१. यो सम्झौता मिति.............देखि प्रारम्भ भएको मानिनेछ ।

२. साझेदारले वोलपत्रदाता कम्पनि/आपुर्तीकर्ता निर्माण कम्पनीलाई निर्माण कार्यको लागि सहजीकरण गर्नुपर्नेछ ।

३. यस योजनाको कुल लागत इष्टिमेट रु. ...रकम हुनेछ । जसमध्ये निर्देशनालयको तर्फवाट अनुमानित लागत रु.....र साझेदारको तर्फवाट लागत साझेदारी रु.....हुनेछ ।

४. साझेदारले कार्यालयबाट प्रदान गरिएको बाहेक अन्य श्रोतबाट योजनाको लागि श्रोत जुटाएको अवस्थामा कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

५. साझेदारले निर्माणको काम गर्दा खटाइएका प्राविधिक तथा निर्माण ब्यवसायिलाई सहयोग तथा सुरक्षा गर्नु पर्नेछ ।

६. साझेदारको लापरवाहीका कारण यो योजनाको निर्माण कार्य सम्पन्न नभइ हानी नोक्सानी हुन गएमा त्यसको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

७. यस योजनाको निर्माण कार्य सम्पन्न पस्चात निर्देशनालय तथा साझेदारको साझेदारि रकमको अनुपात मिलाई वोलपत्रदाता कम्पनि/आपुर्तिकर्ताको खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

८. योजना निर्माण कार्य सम्पन्न भै साझेदारलाई हस्तान्तरण भएपछि मर्मत संभार कार्यको जिम्मेवारी साझेदारको हुनेछ ।

९. यो सम्झौतामा भएका कुराहरु प्रचलित ऐन नियमसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

| | |
|---|---|
| .................... | ........................ |
| अध्यक्ष/प्रतिनिधि | (कृषि विकास निर्देशनालय) |
| उपभोक्ता(नीजि फार्म/सहकारी/समूह/) | |
| नामः | |
| संस्थाको छाप | साक्षी |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-५

(दफा ५ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

......................को मिति..................को सूचना अनुसार **विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिंचाई कार्यक्रममा** सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र """ वर्ष सम्म निरन्तरता दिनेछुरछौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछुरछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुलारबुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछुरछौं।

**अनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मानननीय प्रकाश श्रेष्ठ
मन्त्री